नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं

# <u>उजुरी गुनासो सम्वोधन सम्वन्धी विवरण</u>

**मितिः २०८३/०७/०३**

यस विभागको आधिकारिक इमेल **(info@dftqc.gov.np)** मा मिति २०८३/०६/३१ गते राती १०:३७ बजे प्राप्त उजुरी/गुनासो सम्वोधन गर्न विभागले तत्कालै अन्तर्गतको **खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा र खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, कपिलवस्तु**लाई अनुगमन निरीक्षण गर्न निर्देशन दिएको र मिति २०८३/०७/०२ गते ४ नं **वडा कार्यालय, सुनवल**सँगको समन्वयमा उजुरी/गुनासो सम्वोधन गर्न निम्न बमोजिमको होटेल/रेष्टुरेन्टको अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही गरेको जानकारी गराइन्छ।

| सि.नं. | खाद्य व्यवसायको विवरण | उजुरी सम्वन्धी विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|---|
| १. | सगरमाथा होटेल, सुनवल-४, नवलपरासी पश्चिम | खानामा बाह्य पदार्थ (काठ र फलामको टुक्रा) भेटिएको | • उक्त होटेल रातिको समयमा मात्र संचालन गरिने गरेको हुँदा अनुगमन गरिएको समय (मिति २०८३/०७/०२ गते विहान ९:३० बजे) होटेल बन्द अवस्थामा रहेको हुँदा सुनवल-४ का वडा अध्यक्षज्यूको पहलमा होटेल खोली अनुगमन निरीक्षण गरिएको।<br>• **होटेलको सरसफाईको अवस्था निकै नै कमजोर रहेको, खाने पानीको श्रोत नै फोहर ठाउँमा रहेको।**<br>• **भान्सामा अनावश्यक सामग्री अव्यवस्थित तरिकाले राखिएको, फ्रीजको अवस्था फोहोर रहेको।** | • **भान्सा पूर्ण रुपमा सफा गर्ने, अनावश्यक सामग्री को व्यवस्थापन र खाने पानीको श्रोत सफा राख्न उचित व्यवस्थापन गर्ने र सो कार्य सम्पन्न नभएसम्म होटेल संचालन नगर्ने।**<br>• **निर्देशन अनुरूप होटेल रुपान्तरण गरी ३० दिन भित्र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा र सुनवल वडा ४ लाई जानकारी गराई मात्र होटेल संचालन गर्ने।**<br>• होटेल/रेष्टुरेन्ट/भोजानालय लगायतका व्यवसायीले पालना गर्नु पर्ने कार्य सम्वन्धी मिति २०८३/०६/२९ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जारी गरेको सूचना बारे जानकारी गराइएको। |

<u>अनुगमनका केही झलकहरू</u>






नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौ